नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेबसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या :
चलानी नम्बर :

## आदेश निरन्तरता सम्बन्धी अत्यन्त जरुरी सूचना।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को संक्रमण विस्तार जोखिमलाई दृष्टिगत गरी नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०१।२४ गतेको निर्णयानुसार जिल्लास्तरमा कोभिड-१९ को संक्रमण जोखिम न्यूनिकरण एवं रोकथाम तथा निर्मुल गर्न र यसको संक्रमण फैलन नदिनका लागि संक्रामक रोग ऐन,२०२० को दफा २ (२) र स्थानीय प्रशासन ऐन,२०२८ को दफा ६ (३) बमोजिम मिति २०७७ जेठ ५ गते सोमबार मध्यरातसम्मका लागि जारी आदेश नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०२/०४ गतेको निर्णयानुसार हाललाई जिल्लाभर लागु हुने गरी २०७७ जेठ २० गते मङ्गलवार मध्यरातसम्मका लागि निरन्तरता गरिएको छ। जारी भएको उक्त आदेश अवधिभर निम्नानुसार गर्न गराउनुहुन अनुरोध छ।

**निम्न:**

१. औषधी उपचार, खाद्यबस्तु खरिद जस्ता अत्यावश्यक काममा वाहेक कुनैपनि व्यक्ति घरबाट बाहिर ननिस्कने।

२. अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सुरक्षा निकायले प्रयोग गर्ने वाहेक सबै प्रकारका सार्वजनिक वा निजी यात्रु वाहक सवारी साधन सञ्चालन नगर्ने।

३. अत्यावश्यक मालवस्तु ढुवानी तथा सेवा वितरण नियमित रुपमा नै हुने। तर खाद्यबस्तु, ईन्धन, खानेपानी लगायतका अत्यावश्यक वस्तु बिक्री व्यवसाय दिनमा २ पटक बिहान ७:०० बजेदेखि ९:०० बजेसम्म र बेलुकी ४:०० बजेदेखि ६:०० बजेसम्म नै कायम गर्ने।

४. धेरै मानिस जम्मा भएर गरिने धार्मिक (गुम्वा,चर्च, मस्जिद, मन्दिर, गुरुद्वारा लगायतमा भेला/जम्मा हुने) तथा साँस्कृतिक कार्यक्रम गर्न निषेध गर्ने।

५. अत्यावश्यक मालवस्तु ढुवानी,अत्यावश्यक सेवा वितरण/सञ्चालनमा कोभिड-१९ स्वास्थ्य सम्वन्धी प्रोटोकलको पूर्ण परिपालना गर्ने।

६. उल्लेखित आदेशको अवज्ञा वा अवहेलना गर्ने वा काममा वाधा, अवरोध पुर्याउने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही गरिने व्यहोरा समेत सूचित गरिन्छ।

बैशाख ०५, २०७७

..................
अर्जुन भण्डारी
प्रमुख जिल्ला अधिकारी